कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ३०।२०७९-०८४
मिति २०८०।५।१८ को
निर्णय प्रमाणित

बैठक संख्याः ३०/२०७९-०८४

मिति २०८० साल भदौ १८ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

आ.ब. २०८०/०८१ को वार्षिक बजेटमा स्वीकृत भई सङ्घीय आयोजना कार्यान्वयन ईकाइद्वारा कोहलपुर नगरपालिका क्षेत्रभित्र कार्यान्वयन गरिने सघन शहरी विकास कार्यक्रम अन्तर्गत यस नगरपालिकामा एकिकृत पुर्वाधार विकास कार्यका लागि देहाय योजनाहरु छनौट गरी आवश्यक कार्यान्वयनका लागि सङ्घीय आयोजना कार्यान्वयन ईकाइ, नेपालगन्ज बाँकेमा सिफारिस गर्ने ।

<u>तपसिल</u>

| आधार | योजनाको नाम | कैफियत |
|---|---|---|
| मूख्य शहरी पूर्वाधार योजना | कोहलपुर रिङ्रोड स्तरोन्नती तथा कालोपत्रे | कोहलपुर नगरपालिका |
| | रझेना गाउँ पिपलको बोटदेखि द्वन्दरा खोलासम्म बाट स्तरोन्नती | कोहलपुर नगरपालिका |
| आयआर्जन सम्बन्धी पूर्वाधार योजना(मिनि मार्केट) | राम मा.बि.मा व्यवसायिक सटर निर्माण | कोहलपुर १४ |
| | तेह बिगाहमा व्यवसायिक सटर निर्माण | कोहलपुर २ |
| | बधशाला निर्माण | कोहलपुर नगरपालिका |
| | शितभण्डार नजिक रहेको जमिनमा अव्यवस्थित ब्यवसाय व्यवस्थापन | कोहलपुर ११ |
| सामुदायिक पूर्वाधार योजना | झरकट्टी ताल संरक्षण तथा स्तरोन्ती | कोहलपुर ८ |
| शहरी शासकीय पूर्वाधार | सहरी स्वास्थ्य प्रबर्द्धन केन्द्रको ओपिडी भवन निर्माण | कोहलपुर १५ |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ३०।२०७९-०८०
मिति २०८०।५।१८ को
निर्णय प्रमाणित

**निर्णय नं. ३**

क. कोहलपुर नगरपालिकाको नगर सभाका समिति गठन नियमावली २०७५ मा संशोधन गर्ने।

ख. यस नगरपालिका अन्तर्गत रहेका बालबिकास केन्द्र सञ्चालन एवं व्यवस्थापनका लागी बालबिकास केन्द्र तथा बालविकास शिक्षक समायोजन कार्यबिधि, २०७८ लाई संशोधन गर्ने।

**निर्णय नं. ४**

स्थानीय तह भित्र रहेको सार्वजनिक जग्गाको संरक्षण गर्नु सम्बन्धित स्थानीय तहको जिम्मेवारी भएकोमा यस नगरपालिका अन्तर्गतका वडा भित्र रहेका सार्वजनिक जग्गाको सम्बन्धमा राजनैतीक दल एवं सम्बन्धित पक्षसँग छलफल गरी वडा समितिले निर्णय गरी पठाएमा सो को कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक सहयोग गरी सार्वजनिक जग्गाको संरक्षण गर्ने ।

**निर्णय नं. ५**

यस नगरपालिका अन्तर्गत अत्याधिक कामको चाप हुने वडाहरुमा सेवा प्रवाह व्यवस्थापनका लागी नगरसभाको मिति २०८०/०३/२६ को निर्णयानुसार हुने गरी सम्बन्धित वडाको विनियोजित बजेटबाट खर्च हुने गरी वडा समितिको सिफारिस बमोजिम दैनिक ज्यालादारीमा कामकाज गराउने।

**निर्णय नं. ६**

कोहलपुर नगरपालिका चौराह नजिकै निर्माण भएको सार्वजनिक शौचालय, क्रिकेट मैदान र १२ नं. वडाको आधारभुत स्वास्थ्य केन्द्रमा खानेपानी व्यवस्थापनका लागि खानेपानी पूर्वाधार निर्माण साझेदारी शीर्षकबाट खर्च हुने गरी १/१ वटा समरसिबल पम्प धारा जडान गर्ने ।

**निर्णय नं. ७**

कोहलपुर बृहत शहरी खानेपानी उपभोक्ता संस्था, कोहलपुर ११ ले पाईपलाईन बिस्तारको लागी आर्थिक सहायता माग गरेकोमा खानेपानी पूर्वाधार निर्माण साझेदारी शीर्षकबाट खर्च हुने गरी रु.१०,००,०००।-(दस लाख) मा नबढने गरी माग बमोजमको सामाग्री खरिद गरी हस्तान्तरण गर्ने ।

**निर्णय नं. ८**

मातृ शिशु मृत्युदर न्युनिकरणका लागि यस नगरपालिकामा हुने प्रसुति महिला तथा नवजात शिशुलाई आवश्यक पर्ने रगत आपूर्ति व्यवस्था सहज बनाउन नेपाल रेडक्रस कोहलपुर

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

उपशाखामा सो उपशाखाले सञ्चालन गर्ने गरी रक्तसंचार केन्द्र (Blood Bank) स्थापना गर्न आवश्यक पर्ने सामाग्री खरिद एवं पूर्वाधार निर्माणका लागि नगरपालिकाको बजेट पुस्तिकाको सि.नं. ७२४ मा रहेको स्थानीय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रममा बिनियोजित नेपाल सरकार नगद अनुदानको बजेट मध्ये रु.२०,००,०००।– (बिस लाख) बाट खर्च गर्ने ।

निर्णय नं. ९

मालपोत कार्यालय, कोहलपुर बाँकेको कार्यालय व्यवस्थापनका लागी सामाग्री उपलब्ध गराईं सहयोग गरी दिनु हुन भन्ने व्यवहोराको पत्र प्राप्त भएकोमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट खर्च हुने गरी 5 KVA को इन्भर्टर ब्याट्रि सहित १(एक) थान खरिद गरी हस्तान्तरण गर्ने।

निर्णय नं. १०

यस नगरपालिकाको भूमी सम्बन्धी अधिकार सम्पन्न समितिको मिति २०८०/०५/०६ गतेको बैठकबाट निर्णय भई आएकोमा हाल स्वीकृत बजेटको सिमामा रही बजेट ब्रेकडाउन स्वीकृत गर्ने तथा बाँकी नपुग बजेट आगामी नगरसभाबाट व्यवस्था गर्ने ।

निर्णय नं. ११

यस नगरपालिकाको कानूनी सल्लाह एवं परामर्शको लागी कोहलपुर नगरपालिका वडा नं. १० स्थित नेशनल ल फार्म एण्ड इन्भेष्टिगेसन सेन्टरका प्रोपराइटर श्री कर्ण बहादुर के.सी. सँग गत आ.ब. देखि सम्झौता भई कार्य सम्पादन भईरहेकोमा चालु आ.ब. को २०८०/०४/०1 गतेदेखि २०८१ असार मसान्त सम्मका लागी आ.ब. २०७९/०८० बमोजिम सेवा सुविधामा निरन्तरता हुने गरी करार सम्झौता गरी सेवा परामर्श खर्च शीर्षकबाट भुक्तानी दिने ।

निर्णय नं. १२

क. यस नगरपालिका अन्तर्गत विभिन्न आर्थिक सहायताका लागी माग भई आउने गरेकोमा आर्थिक सामाजिक अवस्थाको विश्लेषण गरी आवश्यकता अनुसार रु.२५,०००।– सम्मको आर्थिक सहायता नगर प्रमुखले उपलब्ध गराउन सक्ने तथा सो भन्दा बढी रकमको आर्थिक सहायतका लागी कार्यपालिकाको निर्णय बमोजिम गर्ने ।

ख. कोहलपुर नगरपालिका १ नं. वडा कार्यालयबाट आर्थिक सहायताका लागी सिफारिस सहित आर्थिक सहायता माग भएकोमा सोही वडाका अम्मर बहादुर

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ३०।२०८१।०८४
मिति २०८०।५।१९ ... को
निर्णय प्रमाणित

पौडेल र गणेश कुमार चन्दलाई अन्य सामाजिक सहायता शीर्षकबाट जनही रु.१५०००।–(पन्ध्र हजार) का दरले उपलब्ध गराउने ।

निर्णय नं. १३

यस नगरपालिका भित्र खानेपानी तथा सरसफाईमा सबैको पहुँच उपलब्ध गराउने लक्ष्यका साथ तयार गरिएको "खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) योजना, २०८०" स्वीकृत गर्ने ।

निर्णय नं. १४

यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पदस्थापना/सरुवा भई जानु भएकाले मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृत हाजिर नहुँदासम्मका लागी यस नगरपालिकामा कार्यरत अधिकृत दशौं श्री राम बहादुर हमाललाई निमित्त प्रमुख प्रशासकीय अधिकृत भई कामकाज गर्ने गरी जिम्मेवारी दिने ।

निर्णय नं. १५

यस नगरपालिका नगरसभाको नीति तथा कार्यक्रम अनुसार यस नगरपालिकाका विभिन्न तीन वटा स्थानमा तपसिल बमोजिमका पशु सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्नका लागि आर्थिक विकास समितिको मिति २०८०/०५/११ को निर्णय बमोजिम सेवा केन्द्रहरुमा संघ, प्रदेश र स्थानिय तहमा कार्यरत स्थायी, काज एवं करारमा खटाईएका कर्मचारीहरुलाई समेत खटाई बजेट व्यवस्थापन सहित कर्मचारी खटनपटन गर्ने।

निर्णय नं. १६

यस नगरपालिकाको विपद व्यवस्थापन समितिको विभिन्न मिति (२०८०/०४/१७, ५/१० र ५/१८) मा बसेको बैठकबाट भएका निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने।

निर्णय नं. १७

कोहलपुर नगरपालिका अन्तर्गत पशु सेवा शान्तिनगर, कोहलपुर ५ र पशु सेवा केन्द्र हवल्दारपुर, कोहलपुर १४ मा १/१ जना कार्यालय सहयोगी ज्यालादारीमा कामकाजमा लगाउने ।

निर्णय नं. १८

कोहलपुर नगरपालिका वडा नं. २ स्थित तेह्र बिगाहमा फुटवल मैदान प्यारापिट निर्माणका लागी डिपिआर प्रक्रिया अगाडी बढाउने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ३०।२०।६९-०७४
मिति २०८०।५।१८ ... को
निर्णय प्रमाणित

निर्णय नं. १९

यस आ.ब. २०८०/०८१ को वडा सिलिङ्मा विनियोजित वडा समितिबाट निर्णय भै आएको तपसिल बमोजिम योजना/कार्यक्रम संशोधन एवं ब्रेकडाउन आगामी नगरसभाबाट अनुमोदन हुन गरी स्वीकृत गर्ने ।

| वडा नं. १५ (वडा समितिबाट मिति २०८०/०५/१७ मा निर्णय भएको) | | | | |
|---|---|---|---|---|
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| १ | वडा नं. १५ को विविध तथा भैपरी आउने खर्च रु७,२९,०००।– मध्येबाट | - वडा कार्यालयमा ए.सि. जडान तथा मर्मत<br>- वडा कार्यालयमा बाईक पार्किङ् ट्रस निर्माण<br>- क्षमता अभिबृद्धिका लागि जनप्रतिनिधी र कर्मचारीहरुको अवलोकन भ्रमण | २,७३,०००<br>१,००,०००<br>१,५०,००० | सि.नं. ४४१ |
| २ | विपद व्यवस्थापन कोष रु.३,००,०००।- मध्ये | - विभिन्न गाउँ टोलको बाटोहरुमा ग्राबेल बिछ्याउने तथा बाटोको छेउहरुमा जेसिबि मार्फत नालीहरुमा पानी बन्द भई सफा गर्ने | १,५०,००० | सि.नं.४४१ |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत